# टोखा नगरपालिकामा नगरपालिका स्तरिय मेयर दिर्घायु कार्यक्रम कार्यान्वयन कार्यविधि

२०७८

टोखा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, मैजुहिटी, टोखा

**प्रस्तावना:** नसर्ने रोग र तिनका जोखिमहरू समयमा नै पहिचान गरि उचित परामर्श, उपचार तथा प्रेषण मार्फत नसर्ने रोग जटिल हुन नदिन र स्वस्थ व्यक्तिमा नसर्ने रोगको जोखिमलाई न्यूनिकरण गर्न मेयर दिर्घायु कार्यक्रमको कार्यान्वयनका लागि स्थानिय सरकार सन्चालन ऐन को दफा ११ उपदफा (२) झ (१) ले दिएको अधिकार प्रयोग गरि टोखा नगरपालिकाले मेयर दिर्घायु कार्यक्रम कार्यान्वयन कार्यविधि २०७८ बनाई लागु गरेको छ।

परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम, प्रारम्भ र विस्तार**

(१) यस कार्यविधिको नाम " मेयर दिर्घायु कार्यक्रम कार्यान्वयन कार्यविधि २०७८" रहेको छ।

(२) यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ।

(३) यो कार्यविधि टोखा नगरपालिका भित्र रहेका सरकारी वा सामुदायीक स्वास्थ्य संस्थामा लागु हुनेछ, तर उक्त संस्थामा उपलव्ध नभएको सेवाका लागि अन्य स्वास्थ्य संस्थावाट समेत सेवा खरिद गरि कार्यक्रम लागु गर्न सकिनेछ।

२. **परिभाषा :** विषय वा प्रशंगले अन्य अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कार्यक्रम" भन्नाले मेयर दिर्घायु कार्यक्रम सम्झनु पर्दछ।

(ख) "चिकित्सक" भन्नाले एम.वि.वि.एस. वा सो सरहको अध्ययन गरी सम्वन्धित काउन्सिलमा दर्ता भएको चिकित्सक भनी सम्झनु पर्छ।

(ग) "निर्देशक समिति" भन्नाले दफा ६(१) बमोजिमको निर्देशक समिति सम्झनु पर्छ।

(घ) "नगरपालिका" भन्नाले टोखा नगरपालिका सम्झनु पर्छ।

(ङ) "बिशेषज्ञ चिकित्सक" भन्नाले चिकित्सा सम्वन्धि विषयमा स्नातकोत्तर गरेको व्यक्ति सम्झनु पर्छ।

(च) "सेवा खरिद गरिएको संस्था" भन्नाले सेवा प्रदायक संस्थावाहेक यस कार्यविधि वमोजिमको कार्यक्रम सन्चालन हुने अन्य स्वास्थ्य संस्था सम्झनु पर्छ।

(छ) "सेवा प्रदायक संस्था" भन्नाले टोखा नगरपालिका भित्र रहेको संघ, प्रदेश वा स्थानिय तह अन्तरगत सन्चालित सरकारी स्वास्थ्य संस्था वा प्रचलित कानुन बमोजिम सन्चालित सामुदायीक स्वास्थ्य संस्था सम्झनु पर्छ।

(ज) "स्वास्थ्य परिक्षण" भन्नाले दफा ५ बमोजिमका स्वास्थ्य जाँच तथा प्रयोगशाला परीक्षण सम्बन्धी सेवाहरू सम्झनु पर्छ।

(झ) "स्वास्थ्य संस्था" भन्नाले सेवा प्रदाय संस्था र सेवा खरिद गरिएको संस्था दुवैलाई सम्झनु पर्छ।

(ञ) "वडा" भन्नाले टोखा नगरपालिका अन्तरगतका ११ वटै वडाहरू सम्झनु पर्छ।

**परिच्छेद-२**

## उद्देश्य

३. **कार्यक्रमको उद्देश्य :** कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछ :-

(क) नसर्ने रोगको समयमा नै पहिचान, रोकथाम, उपचार र त्यसबाट हुने जटिलतालाई न्यूनीकरण गर्न स्वास्थ्य परीक्षण गर्ने र आवश्यक सल्लाह, सुझाव तथा सेवा उपलव्ध गराउने,

(ख) नसर्ने रोग रोकथाम सम्वन्धी समुदायस्तरमा जनचेतना अभिवृद्दि गरि रोगको जोखिम न्यूनिकरण गर्ने ।

## परिच्छेद-३
## लक्षित समूह र स्वास्थ्य परीक्षण सेवा प्याकेज

४. **लक्षित समूह :**

(१) यो कार्यक्रमको लक्षित समूहमा टोखा नगरपालिका भित्र स्थायी बसोबास गर्ने ५० वर्ष वा सो भन्दा माथि उमेर समूहका सम्पूर्ण नागरिकहरू मध्येवाट देहाय वमोजिमको प्राथमिकता अनुसार वडा समितिको सिफारिसको आधारमा निर्देशक समितिवाट स्विकृत भएको सूचीमा नाम उल्लेख भएका व्यक्तिहरू हुनेछन् ।

(क) ८० वर्ष वा सो भन्दा माथिका सवै जेष्ठ नागरिक

(ख) नेपाल सरकारले वितरण गरेको गरिब घरपरिवार परिचय पत्र प्राप्त नागरिक,

(ग) नेपाल सरकारले सुचिकृत गरेका लोपुन्मुख तथा अल्पसंख्यक जातीहरू,

(घ) एकल महिला र अपाङगता भएका व्यक्तिहरू,

(ङ) वाहलवाला वा अवकास प्राप्त नगरपालिका भित्रका महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरू

(च) अनुसूची-१ अनुसार स्वघोषित विपन्न (आफू विपन्न भएको कुरा आफैले घोषणा गर्नुपर्ने छ

(२) सेवा लिन चाहने र लक्षित समुहभित्र पर्ने व्यक्तीहरूले अनुसुची १ बमोजिमको तोकिएको ढांचामा सम्बन्धित वडामा निवेदन दिनु पर्नेछ ।

(३) वडा समितिले सिफारिस गरेको कुनै व्यक्ति उपदफा (१) वमोजिमको मापदण्ड भित्र नपर्ने देखेमा निर्देशक समितिले उक्त व्यक्तिलाई लक्षित समूहको सूचीवाट हटाउन सक्नेछ । साथै वडा समितिवाट सिफारिस भएको सूचीमा नपरेका उपदफा (१) बमोजिमको मापदण्ड पुरा भएका व्यक्तिहरूलाई निर्देशक समितिले यो कार्यक्रमको लक्षित समूहको सूचीमा थप गर्न सक्नेछ ।

(४) उपदफा (१) मा उल्लेख गरेका बाहेकका व्यक्तिले दफा ५ को उपदफा (१) बमोजिमको सेवा लिन चाहेमा सम्वन्धित स्वास्थ्य संस्थाले निर्धारण गरेको शुल्क तिरी सेवा लिन सक्नेछन् ।

(५) यो कार्यक्रम बमोजिम सेवा लिएको कुनै पनि कागजात नेपाल सरकारले सन्चालन गरेको सामाजिक स्वास्थ्य बीमा वा त्यस्तै अन्य स्वास्थ्य परीक्षण गरेको भनी भुक्तानीको लागी अन्यत्र पेश गर्न पाईने छैन ।

(६) यस कार्यक्रमको लागि स्विकृत भएका सवै व्यक्तिहरूको विवरण नगरपालिका, सम्वन्धित सेवा प्रदायक संस्था तथा सवै वडा कार्यालयमा सूचना टाँसी सार्वजनिक गर्नुपर्ने छ ।

५. **परीक्षण सेवा प्याकेज :**

(१) यो कार्यक्रमको लागि देहाय बमोजिमको स्वास्थ्य परीक्षण सेवा उपलव्ध गराईने छ ।

| क्र.सं. | परिक्षणहरू |
|---|---|
| क. | विशेषज्ञ चिकित्सक वाट नसर्ने रोग सम्वन्धि ईतिहाँस र शारिरीक जाँच |
| ख | तौल , उचाई, पेटको मोटाई |
| ग. | रक्तचाप |

| | |
|---|---|
| घ. | पिसावको जाँच |
| ङ. | दिसाको सुक्ष्म रगतको जाँच |
| च. | रगतको परिक्षण (CBC Test) |
| छ. | रगतमा चिनीको जाँच (FBS, RBS) |
| ज. | मृगौलाको जाँच (Urea, Creatinine) |
| झ. | कलेजोको जाँच (Billirubin, ALP, SGPT, SGOT) |
| ञ. | लिपिड प्रोफाईल (Cholesterol, TG,LDL,HDL) |
| ट. | छातीको एक्स रे |
| ठ. | ई.सि.जी. जाँच |
| ड. | यु.एस.जि. |
| ढ. | भि.आई.ए. जाँच (महिलाको लागि) |
| ण. | थाईरोईड परिक्षण (TSH, T3, T4) |
| त. | स्त्री रोग विशेषज्ञ वाट शारिरीक परिक्षण (आवश्कता अनुसार) |

(१) उपदफा (१) मा उल्लेखित स्वास्थ्य परिक्षणका सेवाहरू यस कार्यक्रमवाट निशुल्क हुने व्यहोरा सवैले पढ्न सक्ने गरी सेवा प्रदायक संस्थामा सूचना टाँस गर्नु पर्नेछ।

स्पष्टिकरण : स्वास्थ्य संस्थावाट प्रदान गरिने नियमित सेवा लिने सेवाग्राहीहरूका लागि यो प्रावधान लागु हुने छैन।

## परिक्षद-४

## कार्यक्रम सन्चालन प्रकृया

६. **निर्देशक समिति :**

(१) यो कार्यक्रम सन्चालन गर्न टोखा नगरपालिकामा देहाय वमोजिमको एक निर्देशक समिति रहने छ।

| | |
|---|---|
| (क) नगर प्रमुख | अध्यक्ष |
| (ख) नगर उप प्रमुख | उपाध्यक्ष |
| (ग) प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| (घ) वडा अध्यक्षहरू मध्ये अध्यक्षवाट मनोनित २ जना | सदस्य |
| (ङ) प्रमुख, टोखा चण्डेश्वरी अस्पताल | सदस्य |
| (च) स्वास्थ्य शाखा प्रमुख | सदस्य |

(२) निर्देशक समितिका पदाधिकारी एवं सदस्यले नियमानुसार बैठक भत्ता पाउने छन्।

(३) निर्देशक समितिले बैठक सम्वन्धि कार्यबिधि आफै निर्धारण गर्नेछ।

(४) निर्देशक समितीको बैठकमा आवश्यकता अनुसार सदस्यहरू थप गर्न सकिनेछ।

७. **निर्देशक समितिको काम, कर्तव्य र अधिकार** : निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) कार्यक्रमको नीति, योजना र कार्यक्रम कार्यान्वयन सम्वन्धि आवश्यक कार्यविधि, निर्देशिका र मापदण्ड तयार गर्ने, कार्यान्वयनका लागि सम्वन्धित सवैलाई निर्देशन दिने।

(ख) कार्यक्रमको अनुगमन तथा आवधिक समिक्षा गरी आवश्यक पृष्ठपोषण दिने।

(ग) कार्यक्रम कार्यान्वियन गर्दा पर्न सक्ने नीतिगत तथा अन्य जटिलताहरूलाई समाधान गर्न प्रचलित कानून बमोजिम सहजिकरण गर्ने,

८. **कार्यक्रम कार्यान्वयनका लागि जनशक्ति :** यो कार्यक्रम सन्चालन गर्न स्वीकृत बजेटको परिधी भित्र रही नगरपालिकाले आवश्यकता अनुसार नगरपालिका अन्तरगत कार्यरत कर्मचारीहरू परिचालन गर्न वा प्राविधिक तथा विज्ञ सेवा करारमा लिन सक्ने छ।

९. **कार्यक्रम सम्वन्धी नगरपालिकाको काम, कर्तव्य र अधिकार :** कार्यक्रम कार्यान्वय गर्नका लागि नगरपालिकाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) निर्देशक समितिले तयार गरेको नीति, योजना तथा कार्यक्रम प्रभावकारी ढंगले कार्यान्वयन गर्ने,

(ख) कार्यक्रमको आवधिक समीक्षा र आवधिक प्रगति प्रतिवेदन तयार गर्ने,

(ग) कार्यक्रमको निरन्तर अनुगमन, आवश्यक सहयोग र कार्यक्रम कार्यान्वयनको सिलसिलामा आएका समस्याहरूको समाधान गर्ने, पृष्ठपोषण दिने,

(घ) यो कार्यक्रमबाट प्राप्त तथ्याङ्कहरूको आधारमा निर्देशक समिति मार्फत कार्यक्रमको भावी योजना बनाउन सहयोग गर्ने,

(ङ) कार्यक्रमलाई प्रभावकारी रूपमा सन्चालन गर्न निर्देशक समितिले समय समयमा दिएको निर्देशन कार्यान्वयन गर्ने,

(च) कार्यक्रमको प्रचार प्रसारका लागि आम संचार माध्यमहरू मार्फत जनचेतना फैलाउने।

१०. **कार्यक्रम सन्चालन हुने संस्था र सन्चालन प्रकृया:**

(१) कार्यक्रम सन्चालनको लागि दफा ५ मा उल्लेखित स्वास्थ्य परीक्षण सेवा प्रदान गर्ने सेवा प्रदायक संस्थामा नगरपालिकाले कार्यक्रम सन्चालन गर्नेछ।

(२) दफा ५ मा उल्लेखित सेवा 'सेवा प्रदायक संस्था' मा उपलव्ध भएको जनशक्ति, भौतिक संरचना, औजार, उपकरण प्रयोग गरि उपलव्ध गराईने छ र सेवा प्रदायक संस्थामा उपलव्ध नभएको जनशक्ति तथा सेवा यसै कार्यक्रम अन्तरगत 'सेवा खरिद गरिएको संस्था' मार्फत खरिद गर्ने व्यवस्था गरिनेछ।

(३) स्वास्थ्य संस्थाले दफा ५ को उपदफा (१) मा उल्लेख बमोजिमका बाहेक अन्य सेवा प्रदान गरेमा यस कार्यक्रमवाट खर्च व्यहोरिने छैन।

(४) सेवा प्रदायक संस्था मार्फत दफा ५(१) वमोजिमको सेवा प्रदान गर्न आवश्यक परीक्षण तथा जाँच कार्यको लागि लाग्ने खर्च यसै कार्यक्रमवाट व्यवस्था गरिनेछ।

११. **सेवा प्रदान गर्ने प्रणाली :** सेवा प्रदायक संस्थाको भौतीक संरचना र कार्यक्रममा संलग्न हुन आउने नागरिकहरूको सुविधालाई ध्यानमा राखी सहज ढंगले क्रमवद्द रूपमा सेवा प्रदान गरिने प्रणाली अनुसूची २ वमोजिम हुनेछ।

१२. **प्रेषण गर्ने :**

(१) स्वास्थ्य परीक्षण गर्दा कुनै व्यक्तिमा रोग पहिचान भएमा निजलाई आवश्यक औषधि उपचार पाउने ठाउँमा उपयुक्त तरिकाले प्रेषण गर्नु पर्नेछ। तर यसरी प्रेषण गर्दा राष्ट्रिय मापदण्ड विपरित गर्न पाईने छैन।

(२) पहिचान भएका बिरामीहरूलाई देहाय बमोजमका अस्पतालमा प्रेषण गरिने छ ।

(क) त्रि.वि. शिक्षण अस्पताल, महाराजगंज

(ख) विर अस्पताल, महाबौद्द

(ग) परोपकार प्रसूती तथा स्त्रीरोग अस्पताल, थापाथली

(घ) मनमोहन कार्डियो भास्कुलर तथा ट्रान्सप्लान्ट सेन्टर, महाराजगञ्ज

(ङ) गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र, बाँसवारी

(च) राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला (परीक्षणका लागि)

(छ) बि.पि. मेमोरियल क्यान्सर अस्पताल, भरतपुर

(ज) मानसिक अस्पताल, पाटन

(झ) विशेषज्ञ चिकित्सकले सम्भव भएसम्म सरकारी, सामुदायीक वा शिक्षण अस्पतालमा प्रेषण गर्नुपर्ने छ र सरकारी, सामुदायीक वा शिक्षण अस्पतालमा सेवा उपलव्ध गराउन सम्भव नहुने अवस्थामा उपयुक्त ठानेको अन्य अस्पताल वा स्वास्थ्य संस्थामा प्रेषण गर्न सक्नेछ ।

१३. **सेवा सम्वन्धि सूचना:** सेवा प्रदायक संस्थाले आफ्नो जनशक्ति, भौतिक पूर्वाधार र भौतिक अवस्थालाई मध्यनजर गर्दै सेवा दिने दिन र समय निर्धारण गर्नेछ र त्यसको सूचना सेवा प्रदायक संस्थामा सवैले देख्ने गरी टाँस्नेछ र सो को जानकारी आम संचार माध्यम, नगरपालिकाको वेव साईट र स्थानिय पदाधिकारीहरू मार्फत गरिनेछ । निर्धारित दिन र समय बाहेकको समयमा कार्यक्रममा तोकिएको सेवा उपलव्ध गराउन वाध्य हुनेछैन ।

१४. **जनशक्ति व्यवस्थापन :**

(१) यस कार्यविधि वमोजिमको कार्यक्रम सन्चालन गर्न आवश्यक पर्ने न्यूनतम जनशक्तिहरू देहाय बमोजिम हुनेछन् ।

| | |
|---|---|
| (क) फिजिसिएन/जनरल प्राक्टिस | १ जना |
| (ख) रेडियोलोजिष्ट | १ जना |
| (ग) कल्सल्टेन्ट गाईने अव्स (महिलाको लागि मात्र) | १ जना |
| (घ) चिकित्सक | १ जना |
| (ङ) ल्याब टेक्निसियन | १ जना |
| (च) नर्स | २ जना |
| (छ) पारामेडिक | २ जना |
| (ज) रेडियोग्राफर | १ जना |
| (झ) कार्यालय सहयोगी | २ जना |
| (ञ) स्वयं सेवक | आवश्यकता अनुसार |

(२) उपदफा १ मा उल्लेखित जनशक्तिको कार्य देहाय बमोजिम हुनेछ :-

(क) फिजिसियनले स्वास्थ्य परीक्षणमा आउने नागरिकहरूको ईतिहाँस लिने, शारिरीक जाँच गर्ने, ई.सि.जि. गर्ने र प्रयोगशाला तथा एक्स रे वाट प्राप्त नतिजाका आधारमा सेवाग्राहीहरूको स्वास्थ्य स्थिती निर्धारण र सो अनुसारको निदान र आवश्यक उपचार वा परामर्श गर्ने र प्रेषण गर्ने,

(ख) रेडियोलोजिष्टले भिडियो एक्स रे परीक्षण गर्ने, रिपोर्ट दिने र आवश्यकता अनुसार रेडियोग्राफरको सेवा अनुगमन गर्ने र निर्देशन दिने,

(ग) स्त्री तथा प्रसूती रोग विशेषज्ञले फिजिसियनले रेफर गरेका विरामीहरूको शारिरिक जाँच, परिक्षण, रिपोर्ट हेर्ने र आवश्यक उपचार सिफारिस गर्ने, सल्लाह दिने र आवश्यकता अनुसार प्रेषण गर्ने,र

(घ) चिकित्सकले विरामीको इतिहाँस लिने, विशेषज्ञ चिकित्सकलाई जाँच तथा परीक्षणमा सहयोग गर्ने,

(ङ) ल्याब टेक्निशियनले प्रयोगशाला परीक्षणको सम्पूर्ण कार्य गर्ने र औजार, रिएजेन्ट, प्रविधी र विधि आदि सम्वन्धि गुणस्तर कायम गरी परीक्षणको विश्वसनियता कायम गराउने,

(च) नर्सले व्यक्तिको नाम दर्ता, तौल, उचाई, रक्तचाप लिने, ई.सि.जि., भिडियो एक्स रे गर्न चिकित्सकलाई सहयोग गर्ने र तथ्याङ्क राख्न सहयोग गर्ने,

(छ) पारामेडिकले विरामीहरूको पालो मिलाउने, वडा तथा नगरपालिका संग समन्वय गरि सेवाग्राहीहरूको पालो मिलाउने, सेवाग्राहीहरूलाई फोन सम्पर्क गरि परीक्षणको लागि समय निर्धारण गर्ने, फलोअप सेवा लिए नलिएको एकिन गर्ने, विरामीहरूको विवरण नगरपालिकाले तोकेको ढाँचामा अनलाईनमा प्रविष्ट गर्ने,

(ज) रेडियोग्राफरले एक्स रे गर्ने, रिपोर्ट दिने र भिडियो एक्स रे मा रेडियोलोजिष्टलाई सहयोग गर्ने,

(झ) कार्यालय सहयोगीले सेवा प्रदान स्थलको सरसफाई लगाएत उक्त स्थानमा आईपर्ने र कार्यक्रम संलग्न चिकित्सक, नर्स, प्रयोगशालाकर्मी वा कार्यालय प्रमुखले निर्देशन दिएका सम्पूर्ण कार्य गर्ने,

(३) उपदफा (१) मा उल्लेख भए वाहेक निर्देशक समितिले आवश्यक ठानेमा कुनै पनि जनशक्ति थप गर्न सक्नेछ।

(४) उपदफा (१) मा उल्लेख भए वमोजिमको जनसशक्ति वा उपदफा (३) वमोजिम निर्देशक समितिले थप गरेको जनशक्ति सेवा प्रदायक संस्थामा उपलब्ध नभएको खण्डमा यसै कार्यक्रमवाट सेवा करारमा लिई सेवा प्रदान गरिने छ।

(५) उपदफा (१) वमोजिमको जनशक्ति सेवा प्रदायक संस्थामा कार्यरत कर्मचारी मध्येवाट परिचालन गर्नुपर्ने भएमा उक्त कर्मचारीलाई ड्यूटी रोस्टर अनुसार कार्यक्रममा खटाउनु पर्ने छ। यस्तो रोस्टर बनाउँदा सकेसम्म सेवा प्रदायक संस्थामा कार्यरत सबै कर्मचारीहरूलाई सहभागी गराउनु पर्नेछ।

(६) कार्यक्रममा संलग्न सेवा प्रदायक संस्थामा कार्यरत कर्मचारीहरूले दफा १५ को उपदफा (४) वमोजिम पाईने सुविधा प्राप्त गर्नेछन्। साथै, कार्यक्रमका लागि छुट्टै करारमा लिई खटाएका कर्मचारीहरूले दफा १५ (३) वमोजिमको सेवा सुविधा प्राप्त गर्ने छन्।

**१५. कार्यक्रमको आर्थिक व्यवस्थापन :**

(१) कार्यक्रमको लागि आवश्यक वजेट व्यवस्था र खर्च व्यवस्थापन नगरपालिकावाट गरिने छ।

(२) सेवा प्रदायक संस्था मार्फत कार्यक्रम सन्चालन गर्न आवश्यक पर्ने औजार उपकरण, रिएजेन्ट तथा केमिकल, उपकरण मर्मत सम्भार, भौतिक सामाग्री, यहि कार्यक्रमको लागि सेवा करार गरिएका जनशक्तिको सेवा सुविधा र कार्यक्रम सन्चालनका लागि आवश्यक क्षमता अभिवृद्दि सम्वन्धी कार्यको लागि कार्यक्रमको लागि विनियोजिन वजेटवाट प्रचलित कानुनको परिधी भित्र रही खर्च गर्न सकिनेछ।

(३) यस कार्यक्रमको लागि विनियोजित वजेटको वाँडफाँड तपशिल अनुसारको मापदण्डको आधारमा गर्नुपर्ने छ।

| शिर्षक | शुल्क दर (प्रति सेवाग्राही) |
|---|---|

| | |
|---|---|
| सेवा करारमा लिईएको विशेषज्ञ चिकित्सक शुल्क (प्रति विशेषज्ञ चिकित्सक) | रू ३०० |
| सेवा करारमा लिईएको रेडियोग्राफर शुल्क (प्रति रेडियोग्राफर) | रू १०० |
| सेवा प्रदायक संस्थामा कार्यरत विशेषज्ञ चिकित्सक, चिकित्सक र अन्य स्वास्थ्यकर्मी तथा सहयोगी (उपदफा ४ बमोजिम प्रोत्साहन भत्ताको रूपमा बाँडफाँड हुने गरी ) | रू ४३५ |
| सेवा प्रदायक संस्थालाई अनुदान (उपदफा ५ बमोजिम) | रू १०० |
| ल्याव परिक्षण, भिडियो एक्स रे, ई.सि.जि. लगाएको सेवाको लागि आवश्यक सामाग्री, उपकरण, रिएजेन्ट खरिद, मर्मत सम्भार, र सेवा प्रदायक संस्थामा उपलव्ध नहुने परीक्षण सेवा वाहिरी संस्थावाट खरिद गर्ने , कार्यक्रमको सुपरिवेक्षण,. अनुगमन, समिक्षा, वैठक, प्रतिवेदन लेखन, भिडियो डकुमेन्ट्रि वनाउने, छपाई तथा प्रचार प्रसार कार्यका लागि समेत | रू १७६५ |

(४) कार्यक्रमलाई प्रभावकारी रूपमा सन्चालन गर्न यस कार्यक्रममा संलग्न हुने सेवा प्रदायक संस्थामा कार्यरत विशेषज्ञ चिकित्सक, चिकित्सक, नर्स, प्रयोगशालाकर्मी, पारामेडीक, कार्यालय सहयोगीलाई कार्यालयको नियमित कामको अलावा यस कार्यमा खटिनुपर्ने भएकोले यस कार्यक्रमको लागि उपदफा (३) मा विनियोजित वजेटवाट खर्च गर्ने गरि प्रति व्यक्ति स्वास्थ्य परीक्षण गरे वापत देहाय वमोजिमको रकम प्रदान गरिने छ।

| पद | प्रति सेवाग्राही प्रोत्साहन भत्ता दर |
|---|---|
| (क) विशेषज्ञ चिकित्सक | रू १०० |
| (ख) सेवा प्रदाय संस्था प्रमुख | रू ६५ |
| (ग) चिकित्सक | रू ६० |
| (घ) ल्याव टेक्निसियन | रू ६० |
| (ङ) नर्स | रू ६० |
| (च) पारामेडिक | रू ६० |
| (छ) कार्यालय सहयोगी | रू ३० |

(५) उपदफा ४ को (ग),(घ),(ङ),(च) र (छ) वमोजिमका पदमा एक भन्दा वढि जनशक्ति परिचालन हुनसक्ने भएकोले प्रति सेवाग्राही प्रोत्साहन दरको आधारमा प्रत्येक पदको लागि कुल प्रोत्साहन भत्ता रकम हिसाव गरिने छ र उक्त रकमलाई सम्वन्धित पदमा कार्यरत जनशक्ति मध्येवाट खटिएका जनशक्तिको खटिएको दिन र सेवाग्राहीको संख्याको आधारमा वाँडफाँड गरिने छ।

(६) उपदफा (३) मा उल्लेखित जनशक्ति वाहेक कार्यक्रममा खटिएका सम्बन्धित सेवा प्रदायक संस्थामा कार्यरत कर्मचारीहरूको लागि प्रोत्साहन भत्ताको अतिरिक्त सेवा प्रदायक संस्थाको व्यवस्थापन लगाएका अन्य कार्य गर्नका

लागि सेवा प्रदायक संस्थालाई प्रति सेवाग्राही रू १०० अनुदान स्वरूप उपलब्ध गराईने छ । त्यसरी उपलब्ध गराईने रकम सेवा प्रदायक संस्था सन्चालक समितीको खातामा एकमुष्ट उपलब्ध गराईने छ ।

## परिच्छेद - ५

## अभिलेखिकरण, अनुगमन, मुल्याङकन, सुपरिवेक्षण

१६. **अभिलेखिकरण, अनुगमन, मुल्याङकन, सुपरिवेक्षण :**

(१) कार्यक्रममा प्राप्त तथ्याङकको व्यवस्थापन कम्प्युटर प्रयोग गरि गर्नुपर्ने छ ।

(२) नगरपालिकाले तोकेको ढाँचामा राखिएको स्वास्थ्य परीक्षणको विवरणको ढाँचा अनुसार नै तथ्याङकको अभिलेख राखिने छ । प्राप्त तथ्याङकको विश्लेषण गरि नगरपालिकाले आवश्यक पृष्ठ पोषण दिन सक्ने छ ।

(३) अनुगमन, मुल्याङकनलाई प्रभावकारी बनाउन मूल्याङकन सूचकहरू तयार गरी नगरपालिकाले निरन्तर अनुगमन, मुल्याङकन र सुपरिवेक्षण गर्नेछ ।

(४) नगरपालिकाले कार्यक्रमको प्रभावकारीता वढाउन समय समयमा समिक्षा गोष्ठि सन्चालन गर्ने छ ।

१७. **स्थलगत प्रशिक्षण :** कार्यक्रम सन्चालनको समयमा कुनै समस्या वा प्राविधिक कठिनाई आए नगरपालिकाले सम्वन्धित सेवा प्रदायक संस्थामा गई स्थलगत प्रशिक्षण तथा समस्या समाधान गर्ने छ ।

१८. **समन्वय :** यस कार्यविधि बमोजिमको कार्यमा सहज बनाउन नगरपालिकाले सम्वद्द निकाय संग आवश्यक समन्वय गर्नेछ ।

१९. **प्रतिवेदन पेश गर्ने :** सम्वन्धित सेवा प्रदायक संस्थाले नगरपालिकालाई तोकिएको ढाँचामा अनलाईन मार्फत प्रगति प्रतिवेदन पेश गर्नु पर्ने छ ।

२०. **सार्वजनिकिकरण :** नगरपालिकाले यस कार्यक्रमको प्रगति विवरण आफ्नो वेवसाईट र अन्य उपयुक्त माध्यमहरूवाट व्यक्तिगत गोपनियता नखुल्ने गरी कार्यक्रमका गतिविधि र तथ्याङक सार्वजनिक गर्नेछ ।

## परिच्छेद ६

## विविध

२१. **गोपनियता :** कार्यक्रम मार्फत प्राप्त हुने सेवाग्राहीको व्यक्तिगत र संवेदनशिल सूचनाहरूको गोपनियता प्रचलित कानून बमोजिम राख्नु पर्ने छ ।

२२. **संशोधन :** नगर कार्यपालिकाले यो कार्यविधि आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

२३. **बाधा, अड्चन फुकाउने :** यस कार्यविधिको कार्यान्वयनको क्रममा कुनै बाधा आई परेमा नगर कार्यपालिकाले त्यस्तो बाधा फुकाउन सक्नेछ ।

अनुसूची १

(दफा ४ को उपदफा (२) संग सम्वन्धित)

## मेयर दीर्घायू कार्यक्रम

निशुल्क सेवाका लागि आबेदन तथा सिफारिस फारम

श्रीमान् नगर प्रमुख ज्यू /वडा अध्यक्ष ज्यू

वडा नं. ........., टोखा नगरपालिका

देहाय बमोजिमको विवरण भरी मेएर दिर्घायू कार्यक्रम अन्तगत प्रदान गरिने निशुल्क सेवाका लागि (विपन्न, लोपुन्मुख तथा अल्पसंख्यक, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, शहिद तथा वेपत्ता परिवार र सशन्त्र दन्दका घाईते व्यक्ति, एकल महिला, अपाङ्गता भएका व्यक्ति) को सिफारिस गरिदिनुहुन अनुरोध गर्दछु ।

१. सेवा ग्राहीको पूर्ण विवरण

नाम थर : लिंग : उमेर वडा नं.

(क) जातिगत विवरण :

२. विपन्नका लागि

म ............................ आफू स्वयंलाई विपन्न भएको घोषणा गर्दछु साथै माथिका विवरण साँचो हो । झुटो ठहरिएमा कानून बमोजिम सहुँला बुझाउँला ।

............................

(दस्तखत)

**संलग्न कागजात :**

क) परिचय खुल्ने कागजात (नागरिकता वा पासपोर्ट वा मतदाता परिचय पत्र वा सवारी चालक अनुमति पत्र वा अपांग परिचय पत्र वा वृद्द परिचय पत्र, सेवा निवृत परिचय पत्र)

ख) समूह खुल्ने परिचय पत्र (महिला स्वयं सेविका, शहिद बेपत्ता परिवार, सशस्त्र दन्दका घाईते को परिचय खुल्ने कागजात)

ग) लोपुन्मुख, अल्पसंख्यक परिचय खुल्ने कागजात

..............................................................................................................................................................

श्री टोखा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, मैजुहिटी टोखा

विषय : सिफारिस सम्वन्धमा।

माथि उल्लेखित विवरण अनुसार नीज विपन्न नागरिक/लोपोन्मुख/अल्प संख्यक/महिला स्वयंसेविका/शहिद तथा वेपत्ता परिवार/ सशस्त्र दन्दका घाईते भएकोले निजलाई मेएर दिर्घायु कार्यक्रमका सेवाहरू निशुल्क उपलव्ध गराईदिनुहुन सिफारिस साथ अनुरोध गर्दछु ।

अध्यक्ष

वडा नं. ............., टोखा

अनुसूची २

दफा ११ संग सम्वन्धित

सेवा प्रदान प्रणाली

# स्क्रिनिङ्ग प्रक्रिया

